दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३२८ | बुटवल | २०८१ मंसिर २०, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Dec. 05, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## रविसहित १४ जनाविरुद्ध पर्सामा पक्राउ पुर्जी जारी



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेसहित १४ जनाविरुद्ध पर्सामा पक्राउ पुर्जी जारी भएको छ । वीरगञ्जको सानो पाइला सहाकारी ठगी प्रकरणमा लामिछानेसहित १४ जनाविरुद्ध बुधबार पक्राउ पुर्जी जारी भएको हो । तत्कालिन वीरगन्ज उप-महानगरपालिकाको ८, १३, १४, १८ र १९ नम्बर वडा कार्यक्षेत्र रहेको सानो पाइला सहकारीले करिब ८ सय बचतकर्ताको १ अर्ब ३५ करोड रुपैयाँ बचत जम्मा गरेको थियो ।

सहकारीले ऐनविपरीत सदस्य समेत नरहेका वीरगन्ज बाहिरका व्यक्तिलाई ऋण दिएर रकम अपचलन गरेको आरोप छ । बचतमध्ये करिब ९२ करोड रुपैयाँ कार्यक्षेत्र बाहिर गएर लगानी गरेर अपचलन गरेको आरोप छ ।

यो सहकारीबाट जीबी राई सञ्चालक रहेको नेचर हब इन्टरनेशनलाई १ करोड ३७ लाख, नेचर नेष्ट प्रालिलाई १ करोड ८५ लाख र स्प्रीङ वुड रियल स्टेटलाई १ करोड एक लाख कर्जा प्रवाह गरिएको छ । त्यस्तै विशाल तामाङको नाममा ६ करोड ८३ लाख, छविलाल जोशीको नाममा १ करोड ८६ लाख, तिर्थराज लामिछानेको नाममा १ करोड ६ लाख, विमला पौडेलको नाममा २ करोड सात लाख कर्जा प्रवाह गरिएको खुलेको छ । लामिछानेमाथि कास्कीको सूर्यदर्शन सहकारी, बुटवलको सुप्रिम सहकारी, चितवनको साहारा सहकारीलगायतमा भएको रकम हिनामिनामा पनि अनुसन्धान भइरहेको छ ।

» बाँकी ३ पेजमा

## अब कसैको बैशाखी टेक्दैनौं : प्रचण्ड

बुटवल । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले माओवादीले अब कसैको बैशाखी नटेक्ने बताएका छन् । गणतन्त्र सेनानी कोषले आयोजना गरेको सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै देशमा नयाँ क्रान्तिको लडाईंमा आफू अगाडि बढेको बताए ।

उनले आफू आफ्नो बाटो लागिसकेको भन्दै माओवादीले अब कसैको बैशाखी नटेक्ने बताए । माओवादीले अब आफ्नै खुट्टामा उभिएर लड्ने भन्दै प्रचण्डले माओवादीलाई अपमानित गर्न खोज्ने सबै प्रवृत्तिको विरुद्ध लडाइँ लड्ने बताए । लडाइँ नटुङ्गिएको जारी नै छ भन्दै उनले सडकमा विशाल शक्ति ल्याएर प्रतिक्रियावादीहरुलाई परास्त गर्ने बताए ।

राजनीतिक स्थिरताका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको एजेण्डा लिएर अगाडि बढिसकेको भन्दै जनतालाई साथ दिन आग्रह गरे ।

# नेपाल र चीनबिच बीआरआई फ्रेमवर्कमा हस्ताक्षर

**नेपालमा संभावनै संभावना रहेको चर्चा गर्दै लगानी गर्न चिनियाँ व्यवसायीलाई प्रधानमन्त्री ओलीले अपील गरेका छन् ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाल र चीनबीच बेल्ट एवं रोड सहकार्यको फ्रेमवर्कमा हस्ताक्षर भएको छ । चीनको बेइजिङमा आयोजित विशेष समारोहमा नेपाल सरकार र चीन सरकारबिचको बेल्ट एवं रोड सहकार्यको फ्रेमवर्कमा हस्ताक्षर भएको हो ।

फ्रेमवर्क सम्झौतामा नेपालका तर्फबाट परराष्ट्र मन्त्रालयका सचिव अमृतबहदुर राई र चीनका तर्फबाट चीनका नेसनल डेभलपमेन्ट एन्ड विकास रिफर्म कमिसनका उपाध्यक्ष लिउ सुसेले हस्ताक्षर गरेका हुन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा बीआरआई सम्झौतालाई सर्वाधिक चासोका साथ हेरिएको थियो ।

बीआरआई सहकार्यअन्तर्गत नेपालले १० वटा परियोजना अघि सारेको छ । फ्रेमवर्कभित्र समेटिएका परियोजनामा टोखा-छहरे सुरुङमार्ग, हिल्सा-सिमकोट सडक परियोजना, किमाथांका-खाँदबारी सडक र पुल, जिलोङ-केरुङ-काठमाडौं सीमापार रेलमार्ग रहेका छन् ।

यस्तै, डडेलधुरास्थित अमरगढी सिटी हल, जिलोङ-केरुङ-रसुवागढी चिलिमे २२० केभी सीमापार प्रसारण लाइन, मदन भण्डारी विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम, दमकस्थित चीन-नेपाल औद्योगिक मित्रपार्क र झापा स्पोर्ट्स एन्ड एथलेक्टिस कम्प्लेक्स बीआरआईमा समेटिएका छन् ।

यसैबिच नेपालमा चिनियाँलगायत विदेशी लगानी आकर्षित गर्न निरन्तर सुधार गरिने सरकार र निजी क्षेत्रले प्रतिबद्धता जनाएका छन् । नेपाल चीन बिजनेस समिटमा नीतिगत र व्यवहारगत सुधार गर्ने प्रतिबद्धता जनाउँदै लगानी विस्तार र व्यापार सहजीकरणका लागि आग्रह गरिएको हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा नेपाल उद्योग वाणिज्य महासंघ, चाइना काउन्सिल फर प्रोमोसन अफ इन्टरनेसनल टेड (सीसीपीआईटी) र चीनस्थित नेपाली दूतावासले संयुक्त रुपमा उक्त समिट आयोजना गरेका हुन् ।

समिटमा प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा धेरै क्षेत्र अझैं पनि लगानीका लागि आकर्षक रहेकोले लगानीका लागि आग्रह गरे । उनले निजी क्षेत्र अर्थतन्त्रको मेरुदण्ड भएको र स्वदेशी एवं विदेशी लगानीको संरक्षणमा सरकार सधैँ तत्पर रहेको बताए ।

चीन नेपालमा सबैभन्दा धेरै लगानी गर्ने मुलुक रहेको र व्यापारमा दोस्रो ठूलो मुलुक भए पनि दुई देशबिचको व्यापार घाटा चिन्ताको विषय रहेको उनले जनाए ।

नेपालका कृषिजन्य उत्पादनहरुको चीनमा बजार रहेकाले व्यापार सहजीकरणका लागि प्रयत्न गर्नुपर्ने उल्लेख गरेका छन् ।

सीसीपीआईटीको मुख्यालय बेइजिङमा बुधबार आयोजित समिटलाई सम्बोधन गर्दै चिनियाँ वाणिज्य उपमन्त्री लिङ जीले चीन र नेपालबिचको सम्बन्ध निकै पुरानो रहेको एवं आर्थिक गतिविधि पनि बढिरहेको बताए ।

चीन नेपालको दोस्रो ठूलो व्यापारिक साझेदार रहेको बताउँदै उपमन्त्री जीले चीनको बाटो भएर अन्य मुलुकमा पनि व्यापार बढाउन पारवहन सहजीकरण गरिने बताए ।

चीनले यही डिसेम्बरबाट अतिकम विकसित मुलुकका उत्पादनलाई दिएको भन्साररहित सुविधाले नेपाल लाभान्वित हुने उनले जनाए । उनले नेपालबाट बढीभन्दा बढी वायुसेवा कम्पनीलाई सेवा विस्तार गर्न प्रोत्साहित गर्नुपर्ने जनाए ।

समिटमा नेपाल उद्योग वाणिज्य महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालले पहिलोपटक नेपालको क्रेडिट रेटिङ भएको र उक्त रेटिङ दक्षिण एसियामा भारतपछि सबैभन्दा राम्रो आएको जानकारी गराए ।

उनले सीमा क्षेत्रको पूर्वाधारलगायतको स्तरोन्नति एवं भैरहवा र पोखरा विमानस्थलमा चीनबाट सिधा उडानका लागि दुवै देशका सरकार र निजी क्षेत्रले सक्रियतापूर्वक पहल गर्नुपर्नेमा जोड दिए ।

चीनले यही डिसेम्बर एकदेखि आफ्नो कूटनीतिक सम्बन्ध भएका अतिकम विकसित देशहरुलाई दिने घोषणा गरेको भन्साररहित सुविधाको अध्यक्ष ढकालले स्वागत गरे ।

लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले नेपालमा लगानीको सम्भावनाबारे जानकारी गराउँदै नेपालमा चिनियाँ लगानी भित्र्याउन बोर्डले सहजीकरण गर्ने बताए ।

समिटमा १२० जना चिनियाँ व्यवसायीहरुको सहभागिता रहेको थियो । नेपालका तर्फबाट महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्ससहित करिब ५० जना उद्यमी व्यवसायीले समिटमा सहभागिता रहेको थियो ।

# लुम्बिनी महोत्सव आजदेखि



**लुम्बिनी संवाददाता**
*भैरहवा*

नवौं लुम्बिनी राष्ट्रिय महोत्सव-२०८१ आजदेखि सुरु हुँदैछ । सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीको आयोजनामा मंसिर २० गते आज बिहीबारदेखि पुस १ सम्म भैरहवास्थित अञ्चलपुरमा महोत्सव सञ्चालन हुँदै छ। स्थानीय उत्पादनको बजारीकरण र प्रवर्द्धन, सुस्त रहेको आर्थिक क्षेत्रलाई चलायमान बनाउने पर्यटन क्षेत्रको प्रसारप्रसारमा मद्दत गर्ने उद्देश्यसहित संघले महोत्सव आयोजना गरेको जनाएको छ।

संघका अध्यक्ष तथा महोत्सव मूल आयोजक समितिका संयोजक ठाकुरकुमार श्रेष्ठले सबै तयारी पूरा भएको र बिहीबार दिउँसो १ बजे महोत्सव उद्घाटन हुने जनाए । महोत्सवको उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उद्घाटन गर्ने तय भएको छ । सिद्धार्थनगर नगरपालिका-८ अञ्चलपुरस्थित मेलास्थलमा बुधबार संघले पत्रकार सम्मेलन आयोजना गरी लुम्बिनी महोत्सवले भैरहवा, रुपन्देहीसहित लुम्बिनी प्रदेश र समग्रमा मुलुककै आर्थिक गतविधिलाई चलायमान बनाउने जनाएको छ ।

‘नेपालका अधिकांश जिल्लाका उत्पादन महोत्सवमा रहनेछन्, मुस्ताङको अर्गानिक स्याउदेखि दैलेखको घरेलु उत्पादन राखिनेछ’, अध्यक्ष श्रेष्ठले भने-‘यसपटक कृषिलाई बढी महत्व दिएका छौं । यससँगै पर्यटन र औद्योगिक क्षेत्रको समेत बजारीकरण हुनेछ ।’ ‘पर्यटन, उद्योग, कृषि र व्यापार, राष्ट्रिय समृद्धिको आधार’ भन्ने मूल नाराका साथ आयोजित महोत्सवलाई यसपटक विशेष बनाउन अध्यक्ष श्रेष्ठले बताए ।

संघका वरिष्ठ उपाध्यक्ष एवं मेला मूल आयोजक समितिका सहसंयोजक नेत्रप्रसाद आचार्यले महोत्सवले स्वदेशी तथा गुणस्तरीय बस्तु तथा सेवाहरुको उपभोगप्रति उपभोक्ताहरुलाई जागरुक बनाइ सीमावर्ती बजारहरुमा पाइने सामानहरुबिचको तुलनात्मक मूल्यका बारेमा जानकारी दिने र स्थानीयस्तरमा उत्पादित घरेलु तथा हस्तकलाका सामग्रीको बजार प्रवर्द्धन गर्ने जनाए ।

» बाँकी ३ पेजमा






## सम्पादकीय

# बिआरआईमा सहमति

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा 'बीआरआई सहकार्य फ्रेमवर्क' मा हस्ताक्षर भएको छ। मंगलबार दुई मुलुकले जारी गरेको संयुक्त वक्तव्यमा छिटो बिआरआई सहकार्य फ्रेमवर्कमा हस्ताक्षर गर्ने उल्लेख भएकाले यो भ्रमणका बेला बिआरआईका विषयमा सहमतिमा नपुगेको अड्कल काटिएको थियो । अन्ततः दुई मुलुक बिआरआई कार्यान्वयनमा सहमतिमा पुगेका छन् ।

दुई मुलुकबिच भएको यो सहमतिसँगै सन् २०१७ मा हस्ताक्षर गरेको बेल्ट एण्ड रोड इनिसियटिभ (बीआरआई)लाई आधिकारिक रूपमा अघि बढाउने निश्चित भएको छ। बिआरआईअन्तर्गतका परियोजना सहुलियतपूर्ण ऋणमा अघि बढाउने चिनियाँ प्रस्तावप्रति नेपालमा सहमति हुन नसकेपछि अनुदानमा बनाउनका लागि आग्रह गरिएको थियो । प्रधानमन्त्रीको भ्रमणका क्रममा मंगलबार द्विपक्षीय वार्ता लगत्तै भएका विभिन्न सहमतिमा बिआरआई परेको थिएन् । त्यसपछि दुई देशका उच्च अधिकारीबिच निरन्तरको अनौपचारिक वार्तापछि बिआरआईका विषयमा सहमतिमा पुग्नुलाई सकारात्मक मान्नुपर्छ। नेपालले प्रस्ताव गरेअनुसार अनुदान शब्द राख्ने कि नराख्ने अन्यौल भएपछि बिचको बाटो निकालेर दुई देश सहमतिमा पुगेका छन् । नेपाली पक्षले 'ग्रान्ट फाइनान्सिङ कोअपरेसन मोडालिटी' भन्ने उक्त फ्रेमवर्कको मस्यौदामा राखेको थियो । त्यसपछि चिनियाँ पक्षले ग्रान्ट शब्द हटाएर 'असिन्टेन्ट फाइनासिङ मोडालिटी' मात्रै राखेर मस्यौदा नेपाललाई बुझाएको थियो । तर अन्त्यमा नेपाली पक्षले ग्रान्ट वा असिन्टेन्टभन्दा पनि 'एड असिन्टेन्स फाइनासिङ' राखेर प्रस्ताव गर्‍यो । त्यसैमा आएर सहमति भयो ।

नेपाल र चीनले सम्झौता गरेको फ्रेमवर्क फर बिआरआई कोअपरेशनमा १० वटा परियोजना परेका छन् । नेपाल सरकारले प्रस्ताव गरेका १२ मध्ये २ वटा हटाएर फ्रेमवर्कअन्तर्गत १० वटा परियोजना अघि बढाउने सहमति भएको छ । अब बिआरआई फ्रेमवर्कअन्तर्गत टोखा–छहरे सुरूङमार्ग, हिल्सा–सिमकोट सडक, किमाथांका–खाँदबारी सडक र पुल, जिलोङ–केरूङ–काठमाडौं ट्रान्सबोर्डर रेल्वे, जिलोङ–केरूङ–चिलिमे २२० केभी ट्रान्सबोर्डर ट्रान्समिसन लाइनको काम अघि बढ्ने छ। मदन भण्डारी विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर एण्ड साइन्स म्युजियम, झापाको दमकमा रहेको चीन'–नेपाल औद्योगिक मित्रपार्क, दमकमै बन्ने झापा स्पोर्ट्स एकेडेमी र डडेल्धुराको अमरगढी सिटीहल पनि बिआरआई फ्रेमवर्क अन्तर्गत अघि बढ्ने भएका छन् ।

नेपाल-चीनबिच सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको छ । दुई देशबीचको सम्बन्ध सुमधुर छ । बिआरआई फ्रेमवर्कमा भएको यो सहमतिले दुई देशबिचको सम्बन्धलाई अझ प्रगाढ बनाउन बल पुग्नेछ । विश्व महाशक्ति बन्न लागेको चीनले अघि सारेको रणनैतिक कार्यक्रम बिआरआईमा जोडिन ढिलाइ गर्नु नेपालकै लागि घातक थियो । मुलुकलाई हुने घाटा बुझेर नै प्रधानमन्त्री केपी ओलीले आन्तरिक एकता कायम गर्दै चीनसँग सहमति गर्न जुन मिहिनेत गरेका छन्, यसले नेपालको विकासमा सकारात्मक प्रभाव पर्छ नै, नेपालको सन्तुलित परराष्ट्र सम्बन्धको मार्ग पनि फराकिलो भएको छ।

# प्रधानमन्त्री ओलीको चीन भ्रमणका भित्री परिदृश्यहरू



डा. केशव देवकोटा

*बीआरआईमा सम्झौता गर्दा नै त्यससँग सम्बद्ध दुईवटा परियोजनाको कार्यान्वयनमा नेपाल र भारतका बिचमासमेत लिखित सहमति भइसकेको रहस्य खुलेको छ। यसअघि अमेरिकासँग एमसीसी परियोजनामा सहमति हुँदा पनि त्यससँग सम्बद्ध विद्युत् प्रसारण लाइन निर्माणको काम भारतलाई दिनुपर्ने र भारतले सहमति दिएपछिमात्र एमसीसीको कार्यान्वयन थालिने भनिएको थियो। भारतले सो सहमति दिन ढिलाइ गर्दा केही वर्ष एमसीसी कार्यान्वयनमा गएको घोषणा गर्न विलम्बसमेत भएको थियो।*

नेपालका प्रधानमन्त्री केपी ओली छिमेकी चीनको चारदिने औपचारिक भ्रमण सकेर मङ्सिर २० गते स्वदेश फर्कने कार्यक्रम छ । नेपाल र चीनका बिचमा यस्ता अनेकौं भ्रमणहरू भएका छन् । तर यसपटक प्रम ओलीको चीन भ्रमणका सन्दर्भमा कतिपय आश्चर्यलाग्दा सन्दर्भहरू देखिए । पहिलो त नेपाली काङ्ग्रेस र एमालेको विद्यमान सरकार पछिल्ला सरकारहरूमध्ये सबैभन्दा शक्तिशाली हो । किनकि यो सरकार ०७९ मंसिर ४ गते भएको निर्वाचनमार्फत नेपाली जनताले दिएको जनादेशको निकट रहेको छ । सो निर्वाचनले नेपाली काङ्ग्रेसको नेतृत्वमा एमालेसहितको सरकार गठन गर्ने र माओवादी केन्द्र प्रमुख प्रतिपक्षमा रहनेगरी जनादेश दिएको थियो । तर, माओवादी केन्द्रका अध्यक्षको 'जादु प्रदर्शन'का कारण त्यो जनादेशको उल्लङ्घन हुन पुगेको थियो । पछि धेरै क्रिया-प्रतिक्रिया भएपछि काङ्ग्रेस र एमाले आपसमा मिलेर सरकार गठन गर्न बाध्य भएका हुन् ।

त्यसैगरी संसदका दुई ठूला पार्टीसहितको सरकार भएका कारण यसलाई स्वाभाविकरूपमा शक्तिशाली मानिन्छ । यो सरकार सत्तामा आएपछि तुलनात्मकरूपमा राजनीतिक अस्थिरता पनि कम भएको छ । गत असारमा यो सरकार गठन हुँदैगर्दा एकातिर काङ्ग्रेसकी नेतृ आरजु देउवाले खुलेरै चीनको बीआरआई परियोजना स्वीकार नगर्ने बताउनु भएको थियो भने अर्कातिर एमालेका अध्यक्ष केपी ओलीले बीआरआईको कार्यान्वयन गरेर अगाडि बढ्ने बताउनु भएको थियो । सरकार गठन भएपछिका करिव पाँच महिना बीआरआईको विषयलाई लिएर काङ्ग्रेस र एमालेको सेरोफेरोमा धेरै बहसहरू पनि भए । त्यसैगरी विभिन्न पार्टीका नेता तथा कार्यकर्ताहरूको चीन भ्रमण पनि बाक्लै भएको देखिन्थ्यो। चिनियाँ प्रतिनिधिहरू पनि उल्लेख्यरुपमा नेपाल आए। अन्तमा नेपाली काङ्ग्रेस बीआरआईका सन्दर्भमा ऋण नलिने अनुदान भए जति पनि लिने भन्नेमा पुगेको थियो । त्यसबीचमा चिनियाँ पक्षले पोखरा विमानस्थल बीआरआईअन्तर्गतकै भएको र आवश्यक परेको खण्डमा उक्त विमानस्थल निर्माणमा चीनको एक्जिम बैंकबाट नेपालले लिएको करिब २५ अर्ब ८८ करोड (१३३८.७४ मिलियन चिनियाँ युआन) रुपैयाँ ऋण अनुदानमा बदल्न सकिने सङ्केत पनि गरेको थियो । तर पछिल्लो समयमा काङ्ग्रेसका लागि कोही-कसैसँग ऋण लिने कि नलिने भन्दापनि पश्चिमा शक्तिसँग राजनीतिक सम्बन्ध बचाउने समस्या रहेको देखिएको थियो । त्यसैबिचमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पनि प्रम ओली भारतको जानकारीबिना चीन जान लागेको र नेपालका प्रधानमन्त्रीको पहिलो विदेश भ्रमण भारतबाटै हुनुपर्ने आशय व्यक्त गर्नुभएको थियो ।

जब काङ्ग्रेस र एमालेका नेताहरू सम्मिलित कार्यदलले बीआरआईमा उल्लेख भएका कतिपय राजनीतिक शब्दावलीहरू हटायो, त्यसपछि काङ्ग्रेस, एमाले र माओवादी केन्द्रका बीचमा सो परियोजनालाई लिएर कुनैपनि मतभेद देखिएन । यसले काङ्ग्रेस र माओवादी केन्द्र इन्डो-पश्चिमा राजनीतिबाट प्रभावित रहेको स्पष्ट गरेको थियो। काङ्ग्रेस र एमालेले बीआरआईमा ऋण नलिने सहमति गरेका कारण पोखरा विमानस्थल लगायतका अन्य परियोजनामा चीनबाट लिएको ऋण अनुदानमा बदल्ने कुरा ओझेलमा पर्‍यो । चीनको बीआरआई परियोजना पहिलो त त्यहाँका राष्ट्रपति सी जिन पिङको सिर्जना भएका कारण चिनियाँहरूले त्यसको कार्यान्वयनमा विशेष जोड दिनेगरेका छन् । दोश्रो- उक्त परियोजनाको सञ्जालमा विश्वका १६० भन्दा बढी मुलुक आबद्ध रहेका कारण नेपालमात्र नभएर स्वयं भारत र कतिपय पश्चिमा मुलुकहरूसमेत सो परियोजनामा आबद्ध हुन बाध्य हुँदै गएको देखिएको छ ।

हालको अवस्थामा दक्षिण एशियाली मुलुकहरूमध्ये भारत र भुटानले सो परियोजनामा सम्झौता गरेका छैनन् । तर, नेपालले सन् २०१७ मा चीनसँग बीआरआईमा सम्झौता गर्दा नै त्यससँग सम्बद्ध दुईवटा परियोजनाको कार्यान्वयनमा नेपाल र भारतका बिचमासमेत लिखित सहमति भइसकेको रहस्य खुलेको छ । यसअघि अमेरिकासँग एमसीसी परियोजनामा सहमति हुँदा पनि त्यससँग सम्बद्ध विद्युत् प्रसारण लाइन निर्माणको काम भारतलाई दिनुपर्ने र भारतले सहमति दिएपछिमात्र एमसीसीको कार्यान्वयन थालिने भनिएको थियो । भारतले सो सहमति दिन ढिलाइ गर्दा केही वर्ष एमसीसी कार्यान्वयनमा गएको घोषणा गर्न विलम्बसमेत भएको थियो । चीनको बीआरआई परियोजनाको सम्झौतामा पनि काङ्ग्रेस र एमालेको बढी संलग्नता देखिएको छ भने माओवादी केन्द्रले सो परियोजना टार्नका लागि विभिन्न किसिमका बहाना गरेको देखिएको छ । खासमा एमसीसी अमेरिकाको सैन्य रणनीतिमा आधारित परियोजना हो । जुन परियोजना स्वीकार गर्नका लागि माओवादी केन्द्रका अध्यक्ष दाहालको अगुवाईमा विभिन्न प्रयासहरू भएका थिए। एमाले र माओवादी केन्द्र मिलेर बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विघटन गराउने र एमालेका अध्यक्ष ओली नेतृत्वको सरकार गिराएर संसदबाहिरबाटै काङ्ग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकार गठन गराउनेसम्मका कामहरू भएका थिए । तत्कालीन काङ्ग्रेस र माओवादी केन्द्र सम्मिलित सरकारले ०७८ फागुन १५ गते राति संसदबाट एमसीसी परियोजना पारित भएको 'नाटकीय घोषणा' गराएको थियो । नाटकीय यस कारणले कि उक्त दिन संसदबाट कुन पार्टीका कतिजना सांसदले हस्ताक्षर गरेर एमसीसी परियोजना स्वीकार गरिएको हो भन्ने हालसम्म खुलेको छैन भने संसदबाट पारित भएको भनिएको एमसीसीसम्बन्धी प्रस्ताव हालसम्मका कुनैपनि राष्ट्रपतिबाट प्रमाणित भएको छैन। त्यसैले नेपालका सन्दर्भमा एमसीसी अवैध हो भने पनि फरक पर्दैन ।

०८० भदौ १३ गते माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले नै एमसीसी परियोजना कार्यान्वयनमा गएको घोषणा गरेको थियो । तर त्यसको कार्यान्वयन पनि हालसम्म सहज ढंगले अगाडि बढ्न सकेको छैन । केवल नेपालको झण्डै २० अर्ब रुपैयाँ खर्च भैसकेको छ। बीआरआई विकास रणनीतिमा आधारित परियोजना हो। काङ्ग्रेस र माओवादी केन्द्रलगायतले नेपाललाई सैन्य रणनीतिमा आधारित एमसीसी र एसपीपीमा फसाएका कारण उनीहरूलाई विकास रणनीतिमा आधारित बीआरआई सहजै स्वीकार गर्न असहज हुने गरेको देखिएको छ। नेपालको संसदबाट एमसीसी पारित भएको भनिँदा पेश भएको १२ बुँदे ब्याख्यात्मक टिप्पणीले नै सो परियोजना सैन्य रणनीतिमा आधारित रहेको स्पष्ट गरेको थियो। पछिल्लो समयमा काङ्ग्रेस र माओवादी केन्द्र दुवैले १२ बुँदे ब्याख्यात्मक टिप्पणीको नामसमेत लिन छाडेका छन् । बीआरआई नेपालको संसदबाट पारित गरिएको नाटकीय घोषणा गर्नु परेको छैन । जसमध्ये प्रम ओलीको चीन भ्रमणका क्रममा सहयोगका लागि प्रस्ताव गरिएका आयोजनाहरूमा टोखा-खहरे सुरुङमार्ग, हिल्सा-सिमकोट सडक, किमाथांका-खाँदबारी सडक, जिलोङ-केरुङ-काठमाडौं सीमापार रेलमार्ग, अमरगढी सिटी हल, जिलोङ-केरुङ-रसुवागढी चिलिमे प्रसारणलाइन, काठमाडौं उपत्यका प्रसारणलाइन स्तरोन्नति, मदन भण्डारी विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर एन्ड साइन्स म्युजियम, चीन-नेपाल औद्योगिक मित्रपार्क र झापा स्पोर्ट्स एन्ड एथलेक्टिस कम्प्लेक्सलगायत रहेका छन्। जसमध्ये कतिपयमा यसअघि नै चीनले लगानी गरिसकेको अवस्था छ।

त्यसैले उक्त परियोजनाहरू लिन नेपाल पनि बाध्य छ भने चीन पनि दिन बाध्य भएको देखिएको छ । यसअघि चिनियाँ सहयोगका काठमाडौं-भक्तपुर ट्रली बस, अरनिको राजमार्ग, मजुवा-गोर्खा सडक, पोखरा-बागलुङ मार्ग, काठमाडौं चक्रपथ, नारायणगढ-मुग्लिन सडक, बाँसबारी छाला जुत्ता कारखाना, लुम्बिनी चिनी कारखाना, हेटौंडा कपडा उद्योग, राष्ट्रिय सभागृह, नयाँ बानेश्वरको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, तातोपानी सुख्खा बन्दरगाह, दशरथ रंगशालाको आधुनिकिरण, सातदोबाटो खेलकुद भवन, भक्तपुर इट्टा टायल कारखाना, भृकुटी कागज कारखाना, नेपाल आँखा अस्पताल, बीपी स्मृति क्यान्सर अस्पताल, मीनभवनको निजामति अस्पताल, सुनकोशी काठमाडौं जलविद्युत् प्रसारणलाइन र सुनकोशी जलविद्युत् आयोजना लगायतका चीनले लगानी गरिसकेको छ। जसमध्ये चिनियाँ सहयोगका अधिकांश कलकारखाना र परियोजनाहरू ०४६ पछि तत्कालीन काङ्ग्रेस नेतृत्वको सरकारले बिक्री गरेको थियो। कतिपय निजीकरण गरिएका छन् भने ट्रलीबसलगायतका सेवाहरू बन्द गरिएका छन् ।

नेपाललाई चीनविरोधी अखाडा बनाउने र राजनीति, बन्द ब्यापार, ऋण सहयोग सबै भारत र अमेरिकामा केन्द्रित गराउने प्रयास गरिएका कारण उपरोक्त खालका गतिविधिहरू भएका थिए । नेपालको परराष्ट्र नीतिलाई भारतकेन्द्रित गराउने प्रयास हुँदै आएको छ भने कतिपय अवस्थामा अमेरिकासँग परराष्ट्र मामिलामा सहकार्य गर्ने सम्झौता पनि गरिएको छ । ०६२ मा दिल्लीमा १२ बुँदे सहमति गर्नेहरूको मुख्य उद्देश्य नै सन् १९५० मा नेपाल र भारतबिच भएको सन्धिको अक्षरस कार्यान्वयन गराउने तथा नेपाललाई जसरी पनि भारतीय सुरक्षा छाताअन्तर्गत पुर्‍याउने रहेको क्रमशः रहस्य खुल्दै गएको छ । जसमा हालको माओवादी केन्द्रका केही शीर्ष नेताहरू नै प्रयोग भएको देखिएको छ।

तर, हाल आएर नेपाल चीनलाई एक्ल्याउन नसक्ने अवस्थामा पुगेको छ । खासगरी नेपालमा अमेरिकी उपस्थिति बढ्दै गएपछि नेपालका छिमेकी चीन र भारत नजिकिन बाध्य भएका छन्। पहिलेदेखि नै चीनले नेपालमा भारतीय हस्तक्षेपलाई खासै वास्ता गरेको थिएन । तर, जब भारतमार्फत् अमेरिकाको प्रवेश भयो, त्यसपछि चिनियाँ चासो पनि बढेको देखिएको छ । नेपालले फेरि पनि आफ्नो अस्तित्व जोगाइराख्नका लागि असंलग्न परराष्ट्र नीति र असल छिमेकी नीतिको अक्षरशः पालना गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ । प्रम ओलीको पछिल्लो चीन भ्रमण र त्यसक्रममा भएका सहमति र सम्झौताले नेपाल अब फेरि सम्हालिन बाध्य हुने देखिएको छ। (घटना र विचारबाट)

# नेप्से परिसूचक २४ दशमलव ९७ अङ्कले घट्यो



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार गिरावट देखिएको छ । नेप्से परिसूचक २४ दशमलव ९७ अङ्कले घटेर दुई हजार सात सय ५० दशमलव ८७ को बिन्दुमा कायम भएको हो।

तीन सय २० कम्पनीको दुई करोड तीन लाख ३२ हजार ६६ कित्ता शेयर ९६ हजार छ सय ७७ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब १३ करोड २४ लाख ६८ हजार नौ सय छ बराबरको कारोबार भएको छ।

जलविद्युत् समूह शून्य दशमलव ५९, उत्पादन तथा प्रशोधन शून्य दशमलव १४ र लघुवित्त शून्य दशमलव १२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा बढी व्यापार समूह आठ दशमलव ७२ प्रतिशतले घटेको छ।

बैंकिङ शून्य दशमलव ३४, विकास बैंक एक दशमलव ९४, वित्त एक दशमलव २४, होटल तथा पर्यटन शून्य दशमलव ४० र लगानी समूह शून्य दशमलव शून्य दुई प्रतिशतले घटेको छ। त्यस्तै जीवन बिमा एक दशमलव ५०, म्युचुअल फण्ड शून्य दशमलव ३४, निर्जीवन बिमा शून्य दशमलव ३३ र अन्य समूह शून्य दशमलव ७४ प्रतिशतले घटेको छ।

खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ। सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड र लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको रु ३० करोड ३० लाख ६९ हजार दुई सय २५ को कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको ११ लाख ९५ हजार नौ सय ८४ कित्ता शेयर किनबेच भएको छ।

# धौलागिरि अस्पतालमा दुई वर्षयता सात सय शल्यक्रिया

गलकोट (बागलुङ)। धौलागिरि अस्पतालले पछिल्लो समय विशेषज्ञसहित विशिष्टिकृत सेवा दिन थालेको छ । धौलागिरि अस्पतालले दुई वर्षमा हाडजोर्नी तथा नशारोगसम्बन्धी सात सय सफल शल्यक्रिया गरेको हो ।

धौलागिरि अस्पतालमै ठूलो र सानो हड्डी रोगसम्बन्धी शल्यक्रिया गर्दा अधिकांश बिरामीलाई राहत भएको छ । यसअघि पोखरा र काठमाडौं जानुपर्ने बिरामी स्थानीयस्तरमा उपचार पाएपछि यही रोकिन थालेका छन् । अस्पतालमा दुईजना हाडजोर्नी तथा नशारोग विशेषज्ञ चिकित्सक कार्यरत छन् ।

अस्पतालमा जटिल प्रकारका हड्डीको समेत प्रत्यारोपण गरिएको छ। बढ्दो सवारी दुर्घटनाका कारण हाडजोर्नीसम्बन्धी धेरै बिरामी अस्पतालमा आउन थालेका छन् । बिरामीले जिल्लामा सेवा पाउँदा खर्च र समय दुवैको बचत भएको प्रतिक्रिया दिएका छन् ।

हड्डीरोग विशेषज्ञ डा. प्रमेश थापा र डा. समीर लामिछाने तथा एनेस्थेसियोलोजिस्ट डा. अमित ढुङ्गानाको समूहले दुई वर्षमा सात सयवटा हाडजोर्नी तथा नशासम्बन्धी शल्यक्रिया गरेको अस्पतालका मेडिकल अधिकृत डा. सन्दीप केसीले जानकारी दिए।

"अस्पतालमा आउने बिरामीमध्ये ३० प्रतिशत हाडसम्बन्धी समस्या लिएर आउनुहुन्छ । दुई जना विशेषज्ञ चिकित्सकलाई हप्ताको तीन दिन शल्यक्रियाको समय छुट्टाइएको छ", केसीले भने-"आधुनिक जीवनशैली र बढ्दो दुर्घटनाका कारण हाडजोर्नीसम्बन्धी समस्या बढ्दै गएका छन्, अस्पतालले छिमेकी जिल्लाका बिरामीलाई समेत सेवा दिएको छ।"




अस्पतालमा 'हेमी हिप रिप्लेसमेन्ट', 'फिमर नेलिङ/प्लेटिङ''टिबिया नेलिङ/प्लेटिङ','ह्युमेरस', 'फोरआर्म' र 'क्लाभिकल प्लेटिङ' तथा 'एसी जोइन्ट पुनःनिर्माण' लगायत जटिल प्रकारका शल्यक्रियासमेत सम्पन्न गरिएको अस्पताल प्रशासनले जनाएको छ।

अस्पतालमा प्रयाप्त उपकरण र दक्ष जनशक्तिका कारण लाखौं खर्च लाग्ने शल्यक्रिया सरकारी अस्पतालमा सामान्य शुल्कमा भइरहेको छ । अस्पतालले 'टेन्डन रिपेयर', हात र खुट्टाका सामान्य शल्यक्रिया पनि गर्दै आएको छ। दुई वर्षयता बागलुङमा भएका पाँच ठूला दुर्घटनाका घाइतेको उपचार गरिएको अस्पतालले जनाएको छ।

मङ्सिर १७ गते मात्रै अस्पतालको हड्डीरोग विभागले १३ वर्षीय बालकको हड्डी भाँचिएको 'मिडियल इपिकन्डाइल फ्याक्चर फिक्सेसन' सफलतापूर्वक शल्यक्रिया सम्पन्न गरेको छ। मङ्सिर १७ गते चार वटा हड्डीसम्बन्धी शल्यक्रिया गरिएको थियो । अहिले अस्पतालमा हड्डी विभागमा बिरामीको चाप बढेको अस्पतालका तथ्याङ्क सङ्कलक नवराज शर्माले जानकारी दिए। उनका अनुसार बिरामीको भीड लागेपछि हप्तामा तीन दिन हड्डीको शल्यक्रिया गर्न थालिएको छ, भने अन्य समयमा बहिरङ्ग (ओपिडी) मा सेवा दिने गरिएको छ।

हप्ताको सोमबार, बुधबार र शुक्रबार हड्डीको शल्यक्रिया गरिने शर्माले बताए । हड्डीसम्बन्धी समस्या लिएर ओपिडीमा दैनिक एक सयदेखि एक सय ५० जना बिरामी आउने गरेका उनले जानकारी दिए। धौलागिरि अस्पतालमा गलकोट, बुर्तिबाङ, पर्वत, बेनी, मुस्ताङ, रुकुम, रोल्पालगायत क्षेत्रबाट हड्डीसम्बन्धी समस्या लिएर बिरामी आउने गरेका छन् ।

धौलागिरि अस्पतालका मेडिकल अधिकृत डा.सन्दिप केसीले अस्पतालमा हड्डीरोगसम्बन्धी जटिल प्रकारका शल्यक्रिया हुन थालेपछि थप उपकरण र जनशक्तिको आवश्यकता देखिएको बताए। आगामी दिनमा सरोकार भएका निकायसँग समन्वय गरी जनशक्ति व्यवस्थापन र सेवा विस्तार गर्दै जाने उनको भनाइ छ।



**प्याजको बेर्ना:**
दाङ देउखुरीको लमही नगरपालिका-४ स्थित घोराहीको रझेना चोकमा प्याजको बेर्ना बिक्री गर्न ग्राहक कुर्दै सेमरहवाका स्थानीय महिला। तस्विरः कुलदीप न्यौपाने /रासस

# छपन्न लाखको मेसिनबाट स्याङ्जामा सुन्तला ग्रेडिङ



वालिङ (स्याङ्जा) । सुन्तला ग्रेडिङका लागि प्रविधिको प्रयोगले सहज भएको छ । स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१ थापाथोकस्थित त्रिपुत्र बागवानी फार्मले सुन्तलाको ग्रेडिङ थालेसँगै सहज भएको हो ।

नेपालमा पहिलोपटक २०७५ सालदेखि सुन्तलाको ग्रेडिङ मेसिन जडान गरी काम सुरु भएसँगै सहज भएको बागवानी सञ्चालक एवं अगुवा किसान फणिनारायण अर्यालले बताए। पोष्ट हार्भेष्ट निर्देशनालय काठमाडौं र बागवानी फार्मबिच सम्झौता भएर ८५ प्रतिशत अनुदानमा रु ५६ लाख लागतमा भारतबाट मेसिन ल्याई जडान गरिएको हो । "निर्देशनालयको ८५ प्रतिशत अनुदान र फार्मको १५ प्रतिशत लागत साझेदारीमा सुन्तलाका क्षेत्रमा ग्रेडिङ प्रविधि नेपालमा पहिलोपटक भित्रिएको हो", उनले भने-"मेसिन जडान भएसँगै सुन्तलाको ग्रेडिङ तथा सफा गर्न सहज भएको छ।" प्रतिघण्टा पाँच टनसम्म सुन्तला ग्रेडिङ गर्ने क्षमताको मेसिनले फोहरमैला, कालो टीका सफा गर्ने सञ्चालक अर्यालले बताए।

सञ्चालक अर्यालले बगैंचामा उत्पादन भएका सुन्तला तथा अन्य किसानबाट खरिद गरेका सुन्तला मेसिनमार्फत ग्रेडिङ गरी बजार पठाउँदै आएका छन्। "मेसिनबाट विभिन्न आठवटा आकारमा सुन्तलाको वर्गीकरण गर्दै आएका छौं", उनले भने-"मान्छे लगाएर काम गर्दा झण्झटिलो, धेरै कामदार लाग्ने, दाग लाग्ने, थिच्चिनेजस्ता समस्या हुन्थ्यो, मेसिनको प्रयोगले सहज भएको छ।"

आठवटा आकारमा सुन्तला ग्रेडिङ गरेर छुट्याइए पनि बजार मागका आधारमा चारवटा आकारमा पठाउने गरिएको उनले बताए । साना सुन्तलाको प्रतिकेजी न्यूनतम मूल्य रु २५ देखि ठूला सुन्तलाका मूल्य रु ९० मा अहिले फार्मबाट बिक्री हुने गरेको छ।

फार्मले सुन्तलाको बजारीकरणका लागि भाटभटेनी सुपर मार्केटका सञ्चालकसँग सम्झौता गरेको छ। उक्त कम्पनीसँग गत वर्षदेखि ५० टन सुन्तला उपलब्ध गराउनेगरी सम्झौता भएको उनले बताए।

# बाँकेमा पुल र सडकका एक सय ३२ आयोजना

बाँके । जिल्लामा लुम्बिनी प्रदेश तथा स्थानीयस्तरका पुल र सडकसम्बन्धी एक सय ३२ आयोजना सञ्चालन हुने भएका छन् । चालु आर्थिक वर्ष २०८१/८२ मा तीमध्ये ५३ को सम्झौता भइसकेका, ५७ आयोजना मूल्याङ्कनको चरणमा र २२ आयोजनाको बोलपत्र आह्वान भइसकेको हो ।

सडक पूर्वाधार विकास कार्यालय नेपालगञ्जका प्रमुख दीपक खड्काका अनुसार चालु आवमा निर्माण सुरु गर्नेगरी २२ आयोजनाको बोलपत्र आह्वान भएको छ । रु छ करोड ४३ लाख बराबरको सडक तथा पुलका आयोजना जिल्लाको नेपालगञ्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, राप्तीसोनारी गाउँपालिका, बैजनाथ गाउँपालिका, खजुरा गाउँपालिका, नरैनापुर गाउँपालिका, डुडुवा गाउँपालिकामा रहेका उनले जानकारी दिए।

जिल्लामा सञ्चालित पुल र सडकका आयोजनालाई प्रदेशस्तरका प्रमुख राजमार्ग एवं प्रदेशका गौरवका योजना, प्रदेश पूर्वाधार विकास कार्यक्रम, प्रदेशिक सडक, साना सडक, स्थानीय तह पहुँच मार्ग, पर्यटनस्थल पहुँच मार्ग भनेर नामाकरण गरिएको सडक पूर्वाधार विकास कार्यालय नेपालगञ्जले जनाएको छ।

साथै सीमा सुरक्षापोष्ट सडक सञ्जाल कार्यक्रम, सीमा क्षेत्र विकास कार्यक्रम, कृषि सडक, सडक पुल क्रमागत, सडक पुल नयाँ र अधुरा ठेक्का व्यवस्थापनलगायत रहेका प्रमुख खड्काले बताए। सडक मर्मत, सुधार एवं सुरक्षा कार्यक्रमअन्तर्गत आवधिक मर्मतका साथै नियमित मर्मत भइरहेको उनले जानकारी दिए । सीमित स्रोत र साधनका कारण काम गर्न असहज भइरहेको प्रमुख खड्काले बताए।

## रविसहित...

अहिले उनीमाथि चितवनमा बयान भइरहेको छ। गत कात्तिक २ गते काठमाडौंबाट पक्राउ परेका लामिछानेलाई कास्की, रुपन्देही, काठमाडौं हुँदै चितवन लगिएको हो।

सुरुमा लामिछानेमाथि सहकारी ठगी र संगठित अपराधमा अनुसन्धान थालिएको थियो भने पछि कास्की प्रहरीले सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान थालेको थियो। प्रहरी अधिकृतहरुले यो बीचमा ऋण तिर्न भन्दै लामिछानेले काटेका चेकहरू समेत बरामद गरेको छ।

## लुम्बिनी...

'रुपन्देहीलाई पर्यटकीय, औद्योगिक तथा व्यापारिक केन्द्रको रुपमा बिस्तार गर्न, यस क्षेत्रको विभिन्न जाति तथा समुदायको कला संस्कृतिको संरक्षण गर्दै विशेष गरी सिद्धार्थनगर र लुम्बिनीमा देशको आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गर्ने, विभिन्न जिल्लाका मौलिक तथा विशिष्टता पहिचान भएको बस्तु तथा उत्पादनको प्रदर्शनी तथा प्रवर्द्धन गर्ने काम यो महोत्सवले गर्नेछ।'-आचार्यले भने।

महोत्सवमा सिमावर्ती भारतीय शहरबाट पनि सहभागिता रहने भएकाले पर्यटन प्रवर्द्धन तथा आर्थिक गतिविधि चलायमान हुने विश्वास लिइएको छ । महोत्सव अवधिमा बुद्ध जन्मस्थल लुम्बिनी र बुद्धसँग सम्बन्धित रहेका तिलौराकोट, देवदह, रामग्राम जस्ता पुरातात्विक तथा पर्यटकीय स्थलहरुमा विशेष प्याकेज बनाइ भ्रमणको व्यवस्था मिलाइएको छ।

'महोत्सवमा उपभोक्ता र उत्पादक एवं किसानहरुको प्रत्येक्ष भेटघाट हुने भएकाले यस भेगमा उत्पादित कृषिजन्य बस्तुहरु माछा, कुटिर तथा घरेलु र राष्ट्रियस्तरका उद्योगहरुबाट उत्पादित उत्पादनहरुको विशेष प्रस्तुतिकरण हुनेछ', संघका महासचिव कृष्णप्रसाद घिमिरेले भने-'यसबाट नयाँ उद्यमीहरुको विकास र कृषिको व्यवसायीकरण पनि हुनेछ।'

महोत्सवको टिकट काट्ने दर्शकका लागि पुस मसान्तसम्मका लागि लुम्बिनी केलबकारमा ४५ प्रतिशत छुट सुविधा उपलब्ध हुनेछ।

यस्तै, महोत्सव स्थलमा निःशुल्क नेपाल टेलिकमको सिमकार्ड वितरण गरिनेछ। मेला अवधिमा किसान, व्यवसायी, कृषि विज्ञ, सरकारी निकाय र कृषिसँग सरोकारवालासँग अन्तरक्रिया पनि हुनेछ । महिला उद्यमी, हस्तकलालाई अवस्था हेरेर ५० प्रतिशत छुट छ।

कृषि उत्पादनलाई प्रोत्साहित गर्न प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाबाट सिफारिश भएका कृषकका लागि निःशुल्क स्टल उपलब्ध गराइएको कृषि व्यवस्थापन समिति संयोजक यमकला न्यौपानेले बताइन्।

कृषिमा व्यावसायिक विकासका लागि युवा सहभागिता र लगानी अभिवृद्धि गर्नको लागि कृषिमा भएका असल अभ्यास, कृषिमा भित्रिएको नवीनतम प्रविधि, कृषि औजार, मल, परामर्शलगायत स्थानीय उत्पादन समावेश गरिने छ। महोत्सवमा ४० जिल्लाका उत्पादनको प्रशर्दनी हुनेछ। ३ सय स्टल रहने महोत्सवमा अटोको समेत विशेष प्रदर्शनी हुनेछ।

महोत्सव उद्घाटन अघि, भैरहवाको देवकोटाचोकबाट बिहान १०:३० मा बाजागा, झाँकीसहितको र्‍याली निकालिनेछ । महोत्सवमा करिब १० करोड रुपैयाँ बराबरको कारोबार र २ लाख हाराहारी दर्शक आउने अपेक्षा आयोजकको छ।

## श्री आदर्श माध्यमिक विद्यालय

**रामग्राम – ५,परासी नवलपरासी, लुम्विनी प्रदेश, नेपाल**

## शिक्षक आवश्यकता

**प्रकाशित मिति २०८१।०८। २० गते**

उपर्युक्त विषयमा यस श्री आदर्श माध्यमिक विद्यालय रामग्राम - ५, परासी नवलपरासीमा निम्न माध्यमिक तहमा रिक्त रहन गएको विज्ञान विषयको अस्थायी करार शिक्षक पदपूर्तिको लागि वि.व्य.स.को मिति २०८१/०८/१६ गतेको निर्णय र रामग्राम नगरपालिकाको च.नं. १६७७ को मिति २०८१/०८ /१९ गते प्राप्त भएको विज्ञापन अनुमति पत्र अनुसार तपसिलको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ।

**तपसिल**

१. विज्ञापन नम्बर : ०७-२०८१/०८२
२. पदसंख्या : १
३. किसिम : अस्थायी करार
४. विषय : विज्ञान
५. शैक्षिक योग्यता : कक्षा १२ वा सो सरह उत्तीर्ण (विज्ञान विषयमा आवेदन दिन मिल्ने विषय अध्ययन गरेको)
६. आवेदनको साथ पेश गर्नुपर्ने कागजातहरु :
-शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति
७. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र आवश्यकतानुसार प्रयोगात्मकसमेत
८. परीक्षाको विषयवस्तु : शिक्षक सेवा आयोगको पाठ्यक्रम अनुसार
९. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
१०. तलब स्केल : नेपाल सरकारले तोके बमोजिम।
११. परीक्षा दस्तुर : रु. २,०००।०० (दुई हजार मात्र) राष्ट्रिय वाणिज्य बैंक परासीको चल्ती खाता नं. ३१००१००००१४८७००१ को बैंक भौचर
१२. दरखास्त पेश गर्ने अन्तिम मिति : २०८१/०९/०३ गते (सूचना प्रकाशन भएको मितिले आठौं दिन मिति २०८१/०८/२६ गतेसम्म शिक्षक सेवा आयोगको निम्न माध्यमिक तहको विज्ञान विषयको करार सूचीमा परेका व्यक्तिहरुले मात्र फाराम भर्न पाउने र करार सूचीमा परेका व्यक्तिको आवेदन नपरेमा नवौं दिन अर्थात् २०८१/०८/२७ गतेबाट योग्यता पुगेका व्यक्तिहरुले आवेदन दिन पाउने )
१३. दरखास्त दिने स्थान : श्री आदर्श माध्यमिक विद्यालय, परासी
१४. सम्पर्क मिति : २०८१/०९/०४ गते विद्यालय समयभित्र।
१५. परीक्षाको मिति : सम्पर्क मितिमा तोकिने छ।
१६. सम्पर्क नम्बर : ९८५७०३४७७५ / ९८४७२९८०९० ।

**ऋषिराम ढकाल**
**प्रधानाध्यापक**

## Dhurkot Rural Municipality

**Office of the Rural Municipal Executive**
**Barbot, Gulmi**
**Lumbini, Province, Nepal**

## Invitation for Bids

First Date of publication: 2024-12-05

1. DhurkotRural Municipality Barbot, Gulmi invitation online bids through e-procurement system bidders for the Procurement Of :

| S. N | Contract Identification Number | Works of description | Bid Security amount Nrs | Estimated amount with VAT | Bid Security Validity Period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1 | ODRM-Gulmi-W-NCB-22-081/82 | Construction Work of Pipaldhara Ward office hall at Dhurkot Rural Municipality -02, Pipaldhara, Gulmi | 41,000 | 16,06,049.14 | 120 days | 3,000 |
| 2 | ODRM-Gulmi-W-NCB-23-081/82 | Construction Work of Ward office Septic Tank and Truss Nirmanat Dhurkot Rural Municipality -04, Jaisithok, Gulmi | 35,000 | 12,97,044.77 | 120 days | 3,000 |
| 3 | ODRM-Gulmi-W-NCB-24-081/82 | Construction work of Educational Infrastructure, Quality Improvement and SanitationProgramme (BichitraGuffa and ThulaghatCoverd Hall Toilet) at Dhurkot Rural Municipality -05 and 03, Gulmi | 37,000 | 13,98,431.51 | 120 days | 3,000 |
| 4 | ODRM-Gulmi-G-NCB-25-081/82 | Procurement of Veterinary Medicine at Dhurkot Rural Municipality , Gulmi | 15,000 | 5,89,951.20 | 120 days | 3,000 |

2. Date of purchasing, submission and opening of above mentioned bid is :

| Last date of submission of bid | Date of opening of bid | Bank account for Purchasing of bid document (DhurkotGa.Pa. Ga. 1.1 AntarikRajaswoKhata ) | Deposit cash for bid security (DhurkotGa. Pa. Ga. 3.1 SthaniyaTaha DharautiKhata) |
|---|---|---|---|
| 2025-01-05, 12:00 PM | 2025-01-05, 13:00 PM | LaxmiSunrise Bank Ltd, BarbotGulmi 0910501307703007 | LaxmiSunrise Bank Ltd, Barbot Gulmi 0910501307701002 |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Eligible bidders may obtain further infoat the office of Dhurkot Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp and www.dhurkotmun.gov.np.
5. Wholly or partially the right to accept or reject the bid document depends on the office of Dhurkot Rural Municipality and for further information contact on9857067917,9843589271, 9863893434.

Chief Administrative Officer

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# भैरहवामा स्थायी प्रदर्शनी स्थल अपरिहार्य: श्रेष्ठ

***मंसिर २० गते बिहीबारदेखि भैरहवामा नवौं लुम्बिनी राष्ट्रिय महोत्सव सञ्चालन हुँदैछ। मुलुकभरका ठूला, घरेलु तथा साना उद्योगका उत्पादन, कृषि, हस्तकलालगायत एकै थलोमा प्रदर्शनी गरी व्यापार प्रवर्द्धन गर्ने महोत्सवको उद्देश्य हो। सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीले यो महोत्सवले राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक सन्देश प्रवाह गर्ने जनाएको छ। यसै सन्दर्भमा महोत्सवको समग्र विषयवस्तुमा केन्द्रित रहेर संघका अध्यक्ष समेत रहेका महोत्सव मूल आयोजक समितिका संयोजक ठाकुरकुमार श्रेष्ठसँग गरिएको कुराकानीको सम्पादित अंश:***



**ठाकुरकुमार श्रेष्ठ,** *अध्यक्ष, सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देही*

***» भैरहवामा नवौं लुम्बिनी राष्ट्रिय महोत्सव सञ्चालन हुँदैछ। यसको तयारीबारे बताइदिनुस् न ?***

सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीले विगत ६ महिनादेखि महोत्सवको तयारी गरेको थियो। विभिन्न ३३ वटा समिति बनाएर हामीले काम गर्यौं। सबैको साथ सहयोग र हौसलाले महोत्सवको सबै तयारी भइसकेको छ। बिहीबार मंसिर २० गते नवौं लुम्बिनी राष्ट्रिय महोत्सव-२०८१ सुरु हुँदैछ। बिहान साढे १० बजे देवकोटाचोकबाट विशाल र्‍याली निकालिनेछ। उक्त र्‍याली मेलास्थलमा पुग्नेछ। करिब ३ सय संघसंस्थाका ६ हजार प्रमुख तथा प्रतिनिधि र्‍यालीमा सहभागी हुनुहुनेछ। दिउँसो १ बजे नेपाल सरकारका उप-प्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उद्घाटन गर्नुहुनेछ। महोत्सवमा उद्घाटन गर्नुअघि सबै काम सम्पन्न गरिसकेका छौं।

***» अहिले आर्थिक क्षेत्रमा मन्दी छ, तर यस्तो बेला महोत्सव किन आयोजना गर्नुभयो ?***

यो महोत्सवमार्फत् उद्योग, व्यापारा र पर्यटनको मात्र प्रवर्द्धन नभएर कृषि तथा घरेलु उत्पादनको प्रोत्साहन गर्छ। यससँगै कलासंस्कृति, रितिरिवाज र परम्पराको समेत संरक्षण गर्छ। महोत्सव सिद्धार्थ उद्योग वाणिज्य संघले आयोजना गरेको भए पनि यो महोत्सव सिद्धार्थनगर र रुपन्देहीवासी सबैको अपनत्व हुने हिसाबले कार्यहरु अघि बढाएका छौं। यहाँले बनेजस्तै अहिले बजारमा मन्दी छ। निजी क्षेत्र निरास छ। तर, जटिलतालाई हामीले अवसरमा बदल्न खोजेका हौं। अवसरै सिर्जना नगरी व्यवसायिक प्रवर्द्धन हुँदैन। धेरैले महोत्सव नलगाएको भए हुन्थ्यो भन्नुभएको थियो। तर, संघले सिथिल अर्थतन्त्रलाई चलायमान बनाउनपर्छ भनेर आँट गर्यो। हाम्रो आँटलाई सबैले साथ दिँदा महोत्सव भव्यरुपमा हुने अवस्थामा आएको छ। यसले सिथिल अर्थतन्त्रलाई लयमा फर्काउन कोशेढुंगाको काम गर्ने अपेक्षा हाम्रो छ।

***» महोत्सवमा कति स्टल रहन्छन्, कहाँ-कहाँका उत्पादनहरुको प्रदर्शनी हुन्छ ?***

महोत्सवमा ३ सय वटा स्टल निर्माण गरेका छौं। सबै स्टल नै बुकिङ भइसकेका छन्। हामीले धेरै जिल्लाका उत्पादनलाई यहाँ राख्ने कोशिश गरेका छौं। अहिलेसम्म ४० जिल्लाका उत्पादन प्रदर्शनी हुने पक्का भएको छ। अझ भन्ने हो भने महोत्सवमा पूर्व मेचीदेखि पश्चिम दैलेखसम्म तथा मुस्ताङसम्मका उत्पादन राखिनेछ। धनगढीका व्यवसायी पनि यहाँ आउनुभएको छ। यो क्षेत्र कृषि, उद्योगको उर्वराभूमि भएकाले कृषिलाई बढी प्राथमकिता दिएका छौं। कृषि निर्देशनालयको सहयोगमा निःशुल्क माटो परीक्षण गरिनेछ। कुन माटोमा कस्तो खालको खेती गर्दा उपयुक्त हुन्छ भन्ने कुरा माटो परीक्षणबाट थाहा हुन्छ। कृषकलाई मौकाको फाइदा उठाउनुहुन म आग्रह गर्दछु। महोत्सवमा स्थानीय तथा राष्ट्रिय कलाकारहरुको प्रस्तुत रहनेछ।

***» यसबाहेक महोत्सवका मुख्य विशेषता के हुन् ?***

खास उद्यमशीलता विकास पनि हो। नयाँ उद्यमी बन्न चाहनेले यहाँ आएर धेरै सिक्न सक्नुहुन्छ। रुपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पुनः सञ्चालनमा आएको छ। हामी खुसी छौं। पर्यटन क्षेत्रलाई अझ कसरी अगाडि बढाउन सकिन्छ भनेर विभिन्न मेलास्थलमा गोष्ठीहरु सञ्चालन गर्नेछौं। भारतीय पर्यटकलाई विशेष सुविधा दिन्छौं। महोत्सवको टिकट काटेपछि बुटवलमा रहेको लुम्बिनी केबलकार चढ्न गए ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ। मेलास्थलमा प्रवेश शुल्क (टिकट) वापत रु. १ सय, विद्यार्थीलाई रु. ५० तथा वृद्धवृद्धा र अशक्तलाई निःशुल्क प्रवेशको व्यवस्था छ। कलासंस्कृति जर्गेना गर्न भ्वाइस अफ भैरहवा, भैरहवा आइडल प्रतियोगिता आयोजना गरिनेछ। विभिन्न ख्यातीप्राप्त कलाकारको प्रस्तुति रहनेछ। प्रत्येक दिन साँझ ६ देखि १० बजेसम्म डिजे प्रस्तुति रहनेछ। सुरक्षाको राम्रो प्रबन्ध गरिएको छ। बालउद्यान आकर्षक छ। यसका साथै स्टलको डिजाइन हेर्न लायक बनाएका छौं। समग्रमा भन्दा एकै थलोमा धेरै कुरा हेर्न, स्वाद लिन, खरिद गर्न र अनुभव गर्न पाइन्छ।

***» आम मानिसले लुम्बिनी महोत्सव किन अवलोकन गर्ने ?***

महोत्सवले सुस्त रहेको आर्थिक गतिविधिलाई चलायमान बनाउने आशा गरिएको छ। यो महोत्सव अवलोकन गरेर म उपभोक्तालाई सामान खरिद गर्न आग्रह गर्छु। महोत्समा बाहिरभन्दा सस्तो र गुणस्तरीय सामान पाइन्छ। त्यस्तै होटलमा स्वस्थकर र गुणस्तरीय खाना उपलब्ध हुन्छ। हामीले किन्न चाहेने, खान चाहेको, अवलोकन गर्न चाहेको वस्तु पाइन्छ भने दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारबाट मनोरञ्जन पाइनेछ। अझभन्दा यसको सफलता र मन्द आर्थिक क्षेत्रलाई गति दिन हामी सबैले महोत्सव अवलोकन गर्नुपर्छ भन्ने मलाई लाग्छ।

***» महोत्सवमा ग्रामीण क्षेत्रका दर्शकलाई कसरी समेट्दै हुनुहुन्छ ?***

सिद्धार्थ उद्योग वाणिज्य संघको कार्यक्षेत्र मर्चवार, धकधईलगायतका पनि हो। त्यहाँ रहेका दर्शकलाई मेलास्थलमा आउजाउका लागि यातायातको व्यवस्था गरिएको छ। शहर मात्रै नभएर ग्रामीण बस्तीमा प्रचारप्रसार गरेका छौं। धेरैजना महोत्सवबारे जानकार हुनुहुन्छ। नभएकाहरुलाई जानकारी भएकाले एकपटक जाउ भनेर यहाँसम्म ल्याउनुहुनेछ भन्ने विश्वास लिएको छु।

***» विगतको भन्दा यस वर्षको महोत्सवमा के फरक छ ? टिकटदर महँगो भए भन्ने गुनासो छ नी ?***

हामीले विगतमा ८ वटा महोत्सव सफलतापूर्वक सम्पन्न गरेका छौं। यसमा सबैको साथ रहेर नै सम्भव भएको हो। पछिल्लो समय सबै क्षेत्रबाट महोत्सवप्रति चासो र आकर्षण बढेको छ। उत्साहजनक सहभागिता हुने विश्वास छ। आकर्षकका रुपमा अटोका स्टलहरु छन्। कृषिलाई पहिलो प्राथमिकतामा राखेका छौं।

स्टलका संरचना फरक छन्। ख्यातीप्राप्त कलाकार, धेरै जिल्लाका फरक-फरक उत्पादन, नयाँ उद्यमीलाई प्रोत्साहन, डान्स आइडल, टूर प्याकेज विगतभन्दा फरक हुन्। अन्य मैले माथि उल्लेख गरेका विषयहरु हुँदै भए। जहाँसम्म टिकटदरको कुरा छ, महँगो होइन् र छैन भन्ने म सबैलाई अवगत गराउन चाहन्छु। मेलाको व्यवस्थापनमा ठूलो खर्च लाग्छ। न्यूनतम मूल्यमा टिकट उपलब्ध गराइएको छ। भैरहवामा स्थायी प्रदर्शनीस्थलको अभाव छ। जसका कारण वर्षेनि ४०-५० लाख रुपैयाँ १२-१३ दिनका लागि आयोजना गरिने महोत्सवमा खर्च हुन्छ। स्थायी मण्डप भए धेरै खर्च बच्न सक्दथ्यो। यसैले पनि टिकटदर महँगो भन्न मिल्दैन जस्तो लाग्छ।

***» महोत्सव आयोजना गर्दा सरकारी निकाय, संघसंस्था र स्थानीय सर्वसाधरणबाट कस्तो सहयोग पाउनुभएको छ ?***

मेला महोत्सव सञ्चालनका लागि तीनै तहका सरकारसँग समन्वय गरेका छौं। खास गरेर सिद्धार्थ नगरपालिकासहित १६ वटै पालिकासँग सहकार्य गरेका छौं। स्थानीय सरकारबाट राम्रो सहयोग पाइएको छ। प्रदेश सरकारसँग पनि समन्वय गरेका छौं। स्थानीय संघसंस्थाको भरपूर्ण सहयोग छ। धेरैजना महोत्सवबाट उत्साहित हुनुहुन्छ। सर्वसाधरणले विशेष चासो दिएर महोत्सव सञ्चालनको दिन गनेर बसेको हामीले अनुभव गरेका छौं।

***» यहाँहरुले विगतदेखि नै स्थायी मण्डपका लागि पहल गर्नुभएको छ। तर, अझैं पनि बन्न सकेन नी ?***

सिद्धार्थ उद्योग वाणिज्य संघले स्थायी मण्डपका लागि निरन्तर दबाब दिइरहेको छ। तर, तीनै तहका सरकारले यसका त्यति ध्यान नदिएका हुन् की भन्ने लागेको छ। पक्कै पनि अर्को महोत्सव गर्दासम्म स्थायी मण्डप बन्छ भन्ने आशा गरेका छौं। संघले २०६१ सालदेखि महोत्सव आयोजना गर्न सुरु गरेको हो। पहिला महोत्सव सिद्धार्थ रंगशालामा हुने गर्दथ्यो। रंगशाला क्रिकेट संघले लिएपछि त्यहाँ महोत्सव हुन सकेन।

जग्गा नपाएपछि एक वर्ष महोत्सव नै हुन सकेन। अहिले आयोजना गरिएको महोत्सवस्थल संघका सल्लाहकार सीताराम उप्रेतीको निजी जग्गा हो। मण्डपका लागि हामीले स्थानीय, प्रदेश र संघीय सरकारलाई निरन्तर दबाब दिइरहेका छौं। हामीले जग्गा खरिद गर्न सक्दैनौं। सरकारले यसलाई तत्कालै व्यवस्थापन गर्नुपर्छ। यहाँ कुनै सभा गर्नका लागि खुल्ला स्थान पनि छैन। यसमा राजनीतिक दलले पनि हामीलाई सहयोग गर्नुपर्छ। अर्थमन्त्रीलाई पनि यसबारेमा ध्यानाकर्षण गराउँछौं।

***» अन्त्यमा के भन्न चाहनुहुन्छ ?***

महोत्सव अवलोकन गर्न सबैलाई अनुरोध गर्दछु। काम गर्ने क्रममा केही कमीकमजोरी भए सल्लाह-सुझाव दिन अनुरोध गर्दछु। एकपटक महोत्सवमा आउन म सबैलाई विनम्रतापूर्वक पुनः अनुरोध गर्न चाहन्छु। हामीले सबैले यो महोत्सव सफल पारेर अहिलेको आर्थिक मन्दीलाई एकजुट भए चिर्न सकिन्छ है भन्ने सन्देश दिन जरुरी छ।

## तिलोत्तमाको प्रथम चौमासिक सार्वजनिक सुनवाइ



बुटवल। तिलोत्तमा नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ को प्रथम चौमासिक सार्वजनिक सुनवाइ कार्यक्रम बुधबार सम्पन्न गरेको छ। सार्वजनिक सुनवाइ कार्यक्रममा सहभागी नगरवासीहरुले विकास निर्माण, शिक्षा, खानेपानी, सडक, छाडा चौपाय, वन, कृषि, युवा, बालबालिका, महिला, शान्ति सुरक्षा, खेलकुद, स्थायी प्रदर्शनी स्थल, विद्युत्, मशानघाट, संघसंस्थालाई जग्गा उपलब्धलगायतका विषयमा जिज्ञासा राखेका थिए। सहभागीले बडागत रुपमा हुने कार्यक्रममा स्थानीयहरुका सुझावलाई पनि ख्याल गर्न माग गरेका थिए।

सहभागीहरुले राखेका सुझावलाई नगरप्रमुख रामकृष्ण खाँण, उप-प्रमुख जगेश्वरीदेवी चौधरी, प्रमुख कार्यकारी अधिकृत नारायण अर्यालले समाधान गरेका थिए। सो अवसरमा प्रमुख कार्यकारी अधिकृत अर्यालले चालु आवको पहिलो चौमासिकमा भएका गतिविधि र आम्दानी खर्चका बारेमा प्रकाश पारेका थिए। नगर उप-प्रमुख चौधरीले सहभागीहरुले राखेका जिज्ञासामा नगरवासीको सुझावलाई केन्द्रमा राखेर बजेट तथा नीति कार्यक्रम बनाउने गरेको भन्दै सुझावलाई आत्मसाथ गर्ने धारणा राखेकी थिइन।

कार्यक्रममा नगरप्रमुख खाँणले सार्वजनिक सुनवाइ कार्यक्रममा सहभागीहरुबाट आएका सुझाव जिज्ञासाले नगरपालिकालाई थप उचाईमा पुराउन टेवा पुग्ने विश्वास व्यक्त गरेका थिए।

उनले भौतिक विकाससँगै मानवीय विकासलाई पनि सँगसँगै अगाडि बढाउने गरी कार्यक्रम अगाडि बढाएको बताए। उनले नगरपालिकालाई देशकै उत्कृष्ट पालिकाका रुपमा स्थापित गर्न जनप्रतिनिधि कर्मचारी, बुद्धिजीवि, नगरवासीहरु, संघ संस्था उद्योगी व्यवसायी सबैको साथ उत्तिकै रहने विश्वास व्यक्त गरेका थिए। कार्यक्रममा नेपाली कांग्रेसका नगर सभापति हरिलाल पाण्डे, नेकपा एमालेका नगर अध्यक्ष मिनप्रसाद पोखरेल, नेकपा माओवादीका नगर उपाध्यक्ष प्रेम जिएम, नेकपा एकिकृत समाजवादीका नगर सचिव विजय दाहाल, राष्ट्रिय जनमोर्चाका नगर अध्यक्ष हर्कबहादुर टण्डनलगायतले नगरपालिकाले गरेका काम र गर्नु पर्ने कामका बारेमा जिज्ञासा राखेका थिए।

सार्वजनिक सुनवायी कार्यक्रमको संयोजन सुविगो मिडिया प्रालिले गरेको थियो भने कार्यक्रम सञ्चालन पत्रकार सुरेश परियारले गरेका थिए।

## ११औं संस्करणको अन्तरविद्यालय टि-२० क्रिकेट प्रतियोगिता

भैरहवा। रुपन्देहीको भैरहवामा यही मंसिर २१ गतदेखि 'स्वर्गीय शेरबहादुर सेन्चुरी स्मृति टी-२० अन्तरविद्यालय क्रिकेट प्रतियोगिता' हुने भएको छ। रुपन्देही क्रिकेट संघको आयोजना र पर्वत ज्वेलर्स, बैंकरोड, भैरहवाको मुख्य प्रायोजनामा प्रतियोगिता हुन लागेको हो। आयोजकले बुधबार भैरहवामा पत्रकार सम्मेलन गरी पुस २ गतेसम्म प्रतियोगिता सञ्चालन हुने जानकारी दिए।

विद्यालयस्तरबाटै खेलाडी उत्पादनमा टेवा पुऱ्याउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको हो। आफ्नो स्वर्गीय हजुरबुवा शेरबहादुर सेन्चुरीको स्मृतिमा पर्वत ज्वेलर्सका सञ्चालक बिमल सेन्चुरीले विगत लामो समयदेखि प्रतियोगितालाई मुख्य प्रायोजन गर्दै आएका छन्। विमल संघका पूर्व कार्यसमिति सदस्य समेत हुन्।

संघका कोषाध्यक्ष निरजप्रताप खाँणले प्रतियोगिताले तल्लो तहबाटै खेलाडी उत्पादनमा सहयोग पुग्ने जनाए। उनका अनुसार प्रतियोगितामा जिल्लाका विभिन्न विद्यालयका २३ टिम सहभागी हुनेछन्। खाँणका अनुसार प्रतियोगिताका विजेता टिमले ५० हजार, उपविजेताले २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट ब्याटर र बेष्ट बलरले जनही ५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय तथा बेष्ट अनुशासित टिमले ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिता सम्पन्न गर्न करिब ४ लाख रुपैयाँ लाग्ने संघका कार्यबाहक अध्यक्ष धीरज क्षेत्रीले जानकारी दिए।

नेपाल क्रिकेट संघका निवर्तमान कार्यबाहक सचिव एवं संघका पूर्वअध्यक्ष प्रशान्तविक्रम मल्लले स्कूल लेबलको खेलले नै भोलिका दिनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादनमा टेवा पुग्ने जनाए। यही स्कूल लेबलको क्रिकेट खेलका खेलाडीहरु कुशल भूर्तेल, कुशल मल्ल, देव खनालगायत आज राष्ट्रिय टिममा रहेको जनाउँदै उनले आगामी दिनमा पनि संघले गर्ने प्रतियोगिताले नयाँ खेलाडी उत्पादनमा सहयोग पुऱ्याउने विश्वास लिए।

प्रतियोगिताको ११औं संस्करणसम्म आइपुग्दा थुप्रै जुनियर र सिनियर टिमका खेलाडी उत्पादन भएको संघले जनाएको छ। संघका सदस्य एवं खेल संयोजक भरत थापाले निश्चित मापदण्डअनुसार खेलाडी समाबेश गरी प्रतियोगिता गराइने जनाए। उनले स्कूल लेबलबाहेकका खेलाडी सहभागी नहुने भएकाले खेलको विशेष महत्व रहेको उल्लेख गरे।

## लुम्बिनी प्रदेशमा विषादीबारे सचेतना अभियान सुरु

राँझा (बाँके)। लुम्बिनी प्रदेशको कृषि विकास निर्देशानालयले १२ वटै जिल्लामा 'विषादी सचेतना अभियान २०८१' सुरु गरेको छ।

'सबैको चाहना, विषादीमुक्त खाना' भन्ने मूल नाराका साथ मङ्गलबार बाँकेको खजुरामा औपचारिक कार्यक्रम आयोजना गरी लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा विषादी सचेतना अभियान सञ्चालन गरेको कृषि विकास निर्देशनालय लुम्बिनीका महानिर्देशक यमनारायण देवकोटाले जानकारी दिए।

"बढ्दो रासायनिक विषादीको प्रयोग, यसबाट मानव स्वास्थ्यमा हुने गम्भीर जोखिमलाई न्यूनीकरण गर्दै रासायनिक विषादीको विकल्पसहितको सचेतना कार्यक्रम सुरु गरेका छौं", देवकोटाले भने-"कसैले जानेर त कसैले अन्जानमा विषादीको प्रयोग गरिरहेका छन्, सुरक्षित विषादीको प्रयोग कसरी गर्ने र यसको जोखिमबाट कसरी बच्ने भन्ने विषयमा यो कार्यक्रम महत्वपूर्ण हुने अपेक्षा गरिएको छ।"बाँकेबाट यो कार्यक्रमको औपचारिक रूपमा सुरुआत गरिएको र हरेक जिल्लामा सम्बन्धित सरोकारवाला कार्यालयबाट वर्षैभर यो कार्यक्रम सञ्चालन गरिने उनको भनाइ छ। अभियानअन्तर्गत हरेक सरोकारवालासँग भेटघाट, छलफल, विद्यालयका विद्यार्थीमार्फत् सचेतना कार्यक्रमलगायत गतिविधि गरेर व्यापक जनचेतना फैलाइने जनाइएको छ।

विषादीको बढ्दो अनुचित प्रयोग कम गराउने, कृषि उपज उत्पादकलाई विषादीको नकारात्मक असरबारे जानकारी गराउने र सुरक्षित राख्ने, तरकारी तथा फलफूल उपभोक्ताको सुरक्षा गर्ने, किसानको अनावश्यक आर्थिक नोक्सानी हुन नदिने, विषादी प्रयोगकर्तालाई सबैको स्वास्थ्यप्रति संवेदनशील हुन सचेत गराउने, सुरक्षित विषादीको प्रयोगसम्बन्धी जनचेतना फैलाइ स्वस्थ बाली उत्पादनको सन्देश प्रवाह गर्नेलगायत कार्यक्रमको उद्देश्य रहेको महानिर्देशक देवकोटाले बताए। कृषि विकास निर्देशनालय लुम्बिनीका वरिष्ठ बाली संरक्षण अधिकृत मिलन गैरेले लुम्बिनी प्रदेशमा हरेक वर्ष विषादीको आयात बढेको र अत्यधिक प्रयोग हुने गरेको बताए।

विषादीको सुरक्षित प्रयोगसम्बन्धी ज्ञान नहुनु, जानकार किसान लापरबाही हुनु, वैकल्पिक विधिका बारेमा ज्ञान नहुनु, भारतीय विषादी र बीउविजनको बढी विश्वास गर्नु, सबै विषादीलाई मिसाएर प्रयोग गर्नु, पर्खनुपर्ने अवधिबारे प्रायः किसानलाई जानकारी नहुनु, रासायनिक विषादीको विकल्प सहज रूपमा उपलब्ध नहुनुलगायत कारणबाट प्रयोगकर्ता विषाक्त हुँदै गएको उनको भनाइ छ। कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र खजुराका निमित्त प्रमुख श्रीधर ज्ञवालीले रासायनिक विषादीलाई नियन्त्रण गर्न किसानलाई तालिम दिँदा रासायनिक विषादीको कम प्रयोग र मानव शरीरलाई असर नपुग्ने गरी चेतना जगाउने किसिमको तालिम सञ्चालन गरिरहेको जानकारी दिए। हरेक किसान र उपभोक्ताको पहुँचमा पुगेर यससम्बन्धी जनचेतना प्रदान गरी उनीहरूलाई सचेत बनाउनुपर्ने उनले बताए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## स्थिरताका लागि वर्तमान सरकार : मन्त्री पाण्डे



**विकास बन्जाडे**
*कपिलवस्तु*

देशको बिग्रदो अर्थतन्त्र, सुशासन र राजनीतिक स्थीरता कायम गर्नका लागि वर्तमान सरकार बनेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले बताएका छन्। कपिलवस्तु उद्योग वाणिज्य संघको आयोजनामा कपिलवस्तुको चार नम्बर जितपुरस्थित बुद्धरंगशालामा आयोजित महोत्सव उद्घाटन समारोहमा बोल्दै उनले यस्तो कुरा बताएका हुन्।

मन्त्री पाण्डेले बुद्धको जन्मस्थल लुम्बिनी तपोभूमि तिलौराकोट भएकाले पनि संसारका बुद्ध अनुआयी मात्र होइन अन्य समेत द्वन्द्व नभइ शान्तिको पक्षमा रहेको धारणा राखेका थिए। कपिलवस्तु संसारमै बुद्धको खुल्ला संग्रहालय भएकाले निजी क्षेत्रको सहकार्यमा यसको विकास र प्रचारमा जोड दिएर आन्तरिक तथा बाह्य पर्यटकलाई भित्राउन सके महोत्सवको सफलता सार्थक हुने समेत उनको भनाइ छ।

उत्पादक तथा व्यवसायीहरुलाई बजारीकरणमा सहयोग पुऱ्याउन, जिल्लाका ऐतिहासिक, पुरातात्विक, पर्यटकीय तथा परम्परागत सीप, प्रविधि, कलासंस्कृति, सम्पदाहरुको जगेर्ना गर्ने उद्देश्यले २०६५ सालदेखि सुरुवात गरिएको कपिलवस्तु महोत्सवको १५औं संस्करणको तयारी अन्तिम चरणमा पुगेको छ।

सक्षम व्यवसायी, समुन्नत राष्ट्र र आत्मनिर्भर अर्थतन्त्र भन्ने मूल नाराका साथ आगामी मंसिर १९ गतेदेखि पुस २ गतेसम्म महोत्सव चल्नेछ। १५औं कपिलवस्तु महोत्सवमा बालुवामा साइक्लिङ, प्रदेशस्तरीय महिला कबड्डी, स्कुलस्तरीय भलिबललगायतका खेलकुद हुने भएपछि यो महोत्सवमा थप रौनकता थपिने भएको छ। महोत्सवमा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न संघले दैनिक रुपमा स्थानीयस्तरमै उत्पादित सामग्रीको मात्र प्रयोग गरिने छ। मेलामा २ लाख दर्शक भित्राएर करिब १० करोडको आर्थिक कारोबार गर्ने लक्ष्य रहेको महोत्सव मूल आयोजक समितिका संयोजक गणेशबहादुर क्षेत्रीले बताए। महोत्सव स्थलमा ३ सय वटा व्यवसायिक र २० वटा होटलका स्टल रहने छन् भने कृषि, वन तथा स्थानीय उत्पादनको प्रदर्शनी, प्रचारप्रसार, बिक्री वितरणको प्रयोजनका लागि ५० वटा स्टल निर्माण गरिएको महोत्सवका निर्देशक हुमनाथ पौडेलले जानकारी दिए।

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्ष: मोहन चापागाईं, सल्लाहकार: एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालक: महेश रिजाल, सम्पादक: शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालय: बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेल: dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोन: ०७१-५७२२६७ वेबसाइड: www. dainiklumbini.com